


सिमान्तकृत मानिसहरूको सशक्तीकरणमा

# सामाजिक परिवार

| अंक - १९ | वैशाख २०६८ | पेज १ |
|---|---|---|

समग्र बुलेटिन


## अनुगमनका लागि टोली गाउँ-गाउँमा :

सूर्यप्रसाद नेपालको नेतृत्वमा रहेको अनुगमन टोली २०६७ चैत ३१ गते लहान पुग्यो। यो टोलीलाई समग्रले २०६७ साउनदेखि चैतसम्म फिल्डमा सञ्चालन गरेका गतिविधिहरूको स्थलगत अध्ययन र केन्द्रीय कार्य प्रणालीको अध्ययन गरी प्रतिवेदन प्रस्तुत गर्ने जिम्मेवारी



छ । यसका अन्य सदस्यहरूमा डानिडा/ह्युगोका तर्फबाट मुकुन्द कट्टेल र समग्रबाट डोरनाथ न्यौपाने संलग्न थिए।

उक्त उद्देश्यसाथ मूल्याङ्कन दल लहाननजिकै रहेको फूलबारीमा हरेक नयाँ वर्षमा लाग्ने मेलाभरि उदयपुर जिल्लाको जनजाति तथा दलितसहितको ९१ घरधुरी भएको भलायाडाँडा-९, कोल्टिबास गाउँमा पुगेको थियो। उनीहरू नमुना आदर्श सामाजिक परिवारका सदस्यहरूसँग अन्तरक्रिया गर्न पुगेका हुन् । श्रीराज राजाजी कोल्टिबास प्राविको कक्षाकोठामा भएको अन्तरक्रियामा ५९ जना उपस्थित भएकामा ४० जना महिला र बाँकी पुरुषको सङ्ख्या थियो । जातिका हिसाबले त्यहाँ बसोबास गर्ने विश्वकर्मा, तामाङ र मगर जातिहरूमा पनि आले, खपाङ्गी, राना, बलमपारकी, अछामी, बुर्जा थिए। छलफल शुरू गर्ने क्रममा टोलीनेता सूर्यप्रसाद नेपालले आफूहरू आएको उद्देश्यबारे प्रस्ट पार्दै त्यस ठाउँमा शुरू भएका गतिविधिको जानकारी लिएका थिए। त्यसपछि दोहोरो छलफल चल्यो। एउटा भाइले आफ्नो सुमधुर स्वरबाट दलितमाथिको शोषण, गरिबीमाथिको थिचोमिचोका बारेमा गीतबाट सबैलाई भावुक र एकाग्र बनाए । सहभागीमध्येका रीता बुर्जा मगर भन्छिन्, ‘आजभन्दा ४ वर्षअगाडिसम्म मानवअधिकार भनेको के हो थाहा नै थिएन । तीन वर्षअगाडि मानवअधिकारको तालिम लिन पाएँ, त्यसपछि हामी महिलाहरू चुल्होमा नै बसेर जीवन जान्छ कि जस्तो लाग्थ्यो। नमुना आदर्श साप गठन भएपछि चेतना खुलेकाले महिलाहरूमाथि भेदभाव छैन । आमाहरू प्रौढ कक्षा पढेर आ-आफ्नो सही गर्न सक्ने भए । अहिले यो प्राविलाई निमावि बनाउँदै छौं । समावेशी कार्य गर्न थाल्यौं, एक-अर्काको कार्यमा सघाउन थालेकाले दलित जनजाति सँगै बसेर खान थालेका छौं।’

त्यसै दिन दिउँसो सो टोली सप्तरीको दक्षिणतर्फ डिमन गाविसमा सञ्चालित दादाजी दलित सामाजिक परिवारमा पुगेको थियो। यो गाविसमा १५ वटा साप गठन भएका छन् । दादाजी दलित सापका अध्यक्ष शिवदेव रामले स्वागत गरेपछि छलफल शुरू भयो। छलफलका क्रममा महन्थी बाबा सापकी अध्यक्ष राजुदेवी यादवले भनिन्, ‘साप भनेको एउटा बस हो, बसमा यात्रुहरू मिलेर बस्यौं भने पो गन्तव्यमा पुर्‍याइदिन्छ त। हामीहरू २५ जना महिला मिलेर सिक्दै, भेदभाव कम गर्दै आएका छौं। छुवाछुत ७५ प्रतिशत घट्दै गएको छ। पहिला मजदुरीमा दैनिक ३ किलो अन्न पाउँथ्यौं। साप गठनपछि ५ किलो दैनिक ज्याला बनायौं ।’ सो छलफलमा ६० जना सहभागी भएकामा ४५ जना महिला थिए।

उदयपुर र सप्तरीपछि मूल्याङ्कन टोली सिरहा जिल्लाको सीतापुर गाविस वडा नं. ७ मा पुग्यो। त्यहाँ माँ दुर्गा, मिलन, श्री राम र दलित उत्थान गरी ४ वटा सापका सदस्यहरू भेला भएका थिए जसमा समग्रका स्थानीय स्वयम्सेवक मञ्जोरकुमारी रामले शुरूमा परिचय दिँदै आफ्नो कुरा शुरू गरिन्, ‘घर परिवार जस्तै हो सामाजिक परिवार भनेको। गाविसमा गएर जन्मदर्ता शुरू गर्‍यौं। पहिला दलित जातका मान्छेलाई ठूलो जातकाहरूले एउटै टेबुलमा बस्न दिँदैनथे, आज सँगै बसेर चिया खान सक्ने भयौं। पहिला मेरा उमेरका धेरै मानिसहरू लेख-पढ गर्न सक्दैनथे । साप गठनपछि गाउँका सबै बच्चा स्कुल जान्छन्।’

जोगेन्द्र राम थप्छन्, 'दलितहरूको समाजमा कुनै मूल्य थिएन । चमार, हलखोर, मुसहर, दुषाद यी जातिका मान्छे आजसम्म वडा अध्यक्ष भएका छैनन् । महिलाहरूलाई कतै समावेश गरिएन, दलितलाई घाँस बराबर पनि सोचिएन, मानिसको तहमा पनि गनिएन, ती बितेका कुरा सम्झँदा र आजको दिन देख्दा आँखाबाट आँसु आउँछ' भन्दै उनी भावुक भए । दिउँसो मूल्याङ्कन टोलीले क्षेत्रीय कार्यालय लहानमा कार्यरत कर्मचारीहरूसँग पनि विभिन्न विषयहरूमा अन्तरक्रिया गऱ्यो ।



तराईको भ्रमणपछि मूल्याङ्कन टोली धादिङ जिल्ला गजुरी गाविस वडा नं. १, पञ्चकन्या सामाजिक परिवारमा पुग्यो । त्यहाँ गजुरी, कुम्पुर, बेनीघाट र पीडा गाविसका १३ वटा सामाजिक परिवारका ८० जनाको सहभागिता थियो । सो भेटघाट कार्यक्रममा पञ्चकन्या सापकी सचिव सीता मगरातीले आफ्नो विचार यसरी व्यक्त गरिन्, 'सामाजिक परिवारमा संगठित हुनुभन्दा पहिलाको अवस्था भनेको हामी महिलाहरूलाई बाटो हिँड्दा ए ! कमिनी, सर्किनी, फलानाकी स्वास्नी भनेर नाम काटेर बोलाउने हाम्रो गाउँलाई दमाई गाउँ, सार्की गाउँ भनेर बोलाउँथे । साप गठनपछि हामीले गाउँको नामै फेऱ्यौ । अहिले हाम्रो गाउँको नाम उज्यालो गाउँ भनेर राख्यौं, यसका लागि जुलुस लिएर बजार परिक्रमा गर्‍यौं । पहिलाका दिदीबहिनी जस्तो झुकेर हिँडनुपर्दैन, शिर ठाडो पारेर हिँड्न थाल्यौं ।' समग्रले दिएको मानवअधिकारको तालिममा भाग लिएर आएपछि मेरा श्रीमान्को 'मप्रति हेर्ने दृष्टिकोण फेरिएको छ ।'

उज्यालो गाउँको बत्ती बनेका भञ्ज्याङ प्रावि गजुरी ४, का शिक्षक श्याम बिसुङ्के भन्छन्, 'दमाईले छोएको कामीले नखाने र कामीले छोएको सार्कीले नखाने यस्तो भेदभाव थियो । आफू-आफूमा त यस्तो थियो भने ठूला जात भन्नेहरूले हेला गरे भनेर के भन्नु ? तर, महिलाहरूको सक्रियतामा यो भेदभाव उन्मूलन गर्न सकियो । अहिले त्यस्तो भेदभाव पूरै हट्यो । महिलाहरूकै सक्रियतामा विभिन्न संघसंस्था र गाविसबाट स्रोत ल्याएर यो सामुदायिक भवनको निर्माण गरी भुइँ ढलानसमेत गरियो । एक लाख रुपियाँ सापको कोषमा बचत छ, त्यसबाट अप्ठ्यारो पर्नेलाई सहयोग गर्दै आएका छौं । अनुगमन टोलीका प्रमुख सूर्यप्रसाद नेपालका प्रश्नहरूको फटाफट जवाफ दिएर त्यहाँ जम्मा भएका दिदीबहिनीहरूले छक्कै पारे ।

## तराई/मधेसका सापले गरे पहाडको भ्रमण :

यही २०६८ वैशाख २५ गतेदेखि २७ गतेसम्म सिरहा, सप्तरी, उदयपुर, धनुषा र महोत्तरी जिल्लाका सामाजिक परिवारका सदस्यहरू, समग्रका कार्य समितिका सदस्य, साधारण सदस्य तथा कर्मचारीसमेतका टोलीले पहाडी जिल्लाहरू गोरखा, लमजुङ र पर्यटकीय नगरी पोखराको अवलोकन भ्रमण सम्पन्न गरे । टोलीहरूमा महिला २४ जना र पुरुष १६ जना गरी ४० जनाको सहभागिता थियो । भ्रमण टोलीहरू २५ गते बिहान लहानबाट प्रस्थान गरी बाटोमा पर्ने प्रमुख स्थानहरूको अवलोकन गर्दै गोरखाको खोप्लाङ गाविस वडा ९ को ठूलोगैरीमा साँझमा पुगे । अध्यक्ष मन्सुरी तामाङ, उपाध्यक्ष मानकाजी श्रेष्ठ,



कोषाध्यक्ष धनमाया तामाङलगायत सबै सदस्यहरूले पाहुनाहरूलाई माला, अबिर र फूलको गुच्छाले भव्य स्वागत गरे । बिनु, उमा, निर्मला र धनकुमारी

तामाङले **तराई, मधेस, पहाड एउटै हो हाम्रो, हामी सबै नेपाली भन्ने गीतबाट** स्वागत गरे । बेलुकी भोजनपछि केहीबेर सांस्कृतिक कार्यक्रम गरी तराई र पहाडको मन साटासाट गर्ने, दुःख-सुख बाँड्ने व्यवस्था सामाजिक परिवारले मिलाएको थियो । भोलिपल्ट बिहान सबेरै सामुदायिक भवनमा चिया-नास्ताको व्यवस्था थियो । बिहानको सफा वातावरणमा पहाड-मधेसबाट आएका



सापका प्रतिनिधिहरूसहित उताको प्रगति अनुभव सुन्ने र यताको सुनाउनका लागि औपचारिक कार्यक्रम राखे । कार्यक्रममा प्रमुख अतिथि छानिए लहान क्षेत्रीय कार्यालयका संयोजक दुर्गाप्रसाद महतो । र, बाँकी सबै अतिथि भए । दोहोरो छलफल चल्यो, पहाडकाले भने, 'पहिला-पहिला त समग्रको मान्छे आउँदा पनि लुक्थ्यौं । साप नभएको भए हामीले कहाँबाट मानवअधिकार, सुशासन र द्वन्द्व व्यवस्थापनको तालिम पाउनु, अनि कसरी हाम्रो गाउँलाई अगाडि बढाउनु, कसो बर्बात नभएको, धन्न बनाइएछ साप ।' अन्नपूर्णकी एक महिला सदस्यले आफ्ना कुरा राखिन्, 'अहिले त हामी अगाडि आएर बोल्न सक्ने भयौं । हेप्ने, थिचो-मिचो गर्न खोज्नेलाई यस्तो गर्न पाउँदैनौ भन्न थाल्यौं । सबै जातजातिका मानिसहरू मिलेर बसेका छौं, छुवाछुत भेदभाव घट्दै गएको छ । जिविस, गाविस र अरू निकायबाट स्रोत खोजेर ल्यायौं ।' तराईबाट आएकी साउदी सदाले भनिन्, 'सामाजिक परिवार नहुँदो हो त हाम्रो भेट हुँदैनथ्यो । समग्र त तराई-पहाड जोड्ने पुल बनेको छ ।' दुर्गाप्रसाद महत्तोले भन्नुभयो, तपाईंहरूको स्वागत सत्कारबाट हामीहरू आभारी छौं । तपाईहरू सबैलाई धेरै धन्यवाद ! तपाईंहरू पनि फेरि मधेस आउनु है ।' सभाको समापनपछि भरत श्रेष्ठको अगुवाइमा भ्रमण टोली समग्रको क्षेत्रीय कार्यालय र गोरखा बजारको अवलोकन गरी बिहानको खानासँगै लमजुङ प्रस्थान गरे । भोलिपल्ट भ्रमण टोली बाग्लुङपानीको बिम्दाबेंसी पुगे । तराई-मधेसबाट आएका ४० सदस्य टोलीको स्वागतपछि औपचारिक कार्यक्रम शुरू भयो । जमानसिंह दुलालको अध्यक्षतामा भएको सभामा समग्रका कार्य समिति सदस्य एवम् भ्रमण दलका सदस्य दुर्गानन्द सदा प्रमुख अतिथि बनाइए । शिवशक्ति सापकी सचिव पद्ममा गुरुङले कार्यक्रम सञ्चालन गरिन् । त्यो कार्यक्रममा बाग्लुङपानी, सिम्पानी, चण्डीस्थान र घनपोखरा गरी चार गाविसका शिवशक्ति, चेतनशील, लालीगुराँस, सृजनशील, अल्कापुरी, कालिकामाई, श्रीदेवी, शुभलाभलगायत १० वटा सामाजिक परिवारका सदस्यहरू जम्मा भएकाले ठूलै भीड लागेको थियो । चेतनशील सापका सचिव प्रेम रम्तेलको मन्तव्यसहित प्रेमसागर वि.क., रामबहादुर वि.क. तथा खेमराज गुरुङले स्वागत गीतबाट पाहुनाको स्वागत गरें । उपाध्यक्ष विमाया परियारले नागरिता प्रमाणपत्र लिने बेलाको कठिनाइ सुनाउँदै भनिन्, 'नागरिता पाएको दिन नयाँ जीवन पाएजस्तो अनुभव भयो ।' शिवशक्ति सापका सुवेदार गोपीचन्द्र गुरुङले 'यो कार्यक्रमले समाजलाई सकारात्मक परिवर्तन गर्न सकेको, समाजमा मेलमिलाप ल्याएको, जातीय विभेदमा निकै सुधार आएको, तालिम प्रशिक्षणबाट धेरैले मानवअधिकारको विषयमा बुझियो भन्दै आफ्नो भनाइ टुङ्ग्याए ।' पूर्वगाविस अध्यक्ष पदमजङ गुरुङ र सचिवले एक आपसमा स्वच्छ प्रतिस्पर्धा, विकासको काममा तीव्रता र रुढिवाद परित्यागमा कार्यक्रमबाट राम्रो योगदान पुगेको बताए । प्रमुख अतीथिले भने, 'हामीलाई यति राम्रो स्वागत सत्कार गर्नुभएकोमा धन्यवाद ! हामी तपाईंको गाउँमा आउन पायौं, तपाईंहरू पनि तराईमा आउनुहोला, ज्यादै खुसी लाग्यो । सभापतिले सभा बिसर्जन गरे । सबै पाहुनाहरूलाई खानपिन गराइसकेपछि केहीबेर पहाड र तराईका बीचमा दोहोरी चल्यो । दुवै स्थानमा स्थानीय सामाजिक परिवारहरूबाट भ्रमणटोलीको भव्य स्वागत भएको थियो । सामाजिक परिवार तहमा नै सामूहिक भोजन र आवासको व्यवस्था मिलाइएको थियो । भ्रमणटोली बिहानको चिया-नास्ता गरी बिम्दाबेंसी सापका सदस्यहरूलगायत स्थानीय बासिन्दाहरूसँग अंकमाल गर्दै बिदावारी भई पर्यटकीय नगरी पोखराका लागि प्रस्थान गरे । पोखराको रमणीय र दर्शनीय स्थलहरूको भ्रमण गरी सोही दिन साँझ भ्रमणटोली लहान प्रस्थान गरे ।

## आयआर्जन कार्यका लागि बीउ-पुँजी वितरणः

धादिङ जिल्लाको उत्तरी दुर्गम क्षेत्रमा पर्ने रिगाउँ गाविस वडा नं. ४, ५, ७ र ८ मा गठन भएका

सापहरूलाई आयमूलक कामका लागि ६ लाख ४ हजार ६ सय ६४ रुपियाँको बीउ-पुँजी लगानी गरिएको छ । गरिबी निवारण कोष र यस संस्थाको सहकार्यमा सञ्चालित कार्यक्रमअन्तर्गत ५८ घरपरिवारले तल उल्लिखित व्यवसाय गर्नका लागि उक्त रकम प्राप्त गरेका छन् ।

| वडा नं. | सापको नाम | शीर्षक | घरधुरी संख्या | लगानी रकम |
|---|---|---|---|---|
| ४ | गुम्बा | बाख्रापालन | ९ | ८६,९६८।- |
| | | निगालो खेती/व्यापार | ४ | ४६,०००।- |
| | | कुखुरापालन | १ | २०,४००।- |
| ५ | जगृति | बाख्रापालन | ८ | ८,०००।- |
| | | निगालो खेती/व्यापार | ८ | ७०,०००।- |
| | | मौरीपालन | १ | १०,०००।- |
| | | कफी खेती | १ | ७,८००।- |
| ७ | मुक्ति | बाख्रापालन | १० | ११,०४१५।- |
| | | भैसीपालन | ४ | ८८,०००।- |
| | | काठ/बाँस व्यापार | १ | १०,०००।- |
| | | निगालो खेती/व्यापार | ३ | ३०,०००।- |
| | | तावा व्यापार | १ | २०,०००।- |
| ८ | पासाङ्चोक | बाख्रापालन | ४ | ४५,०८१।- |
| | | भैंसीपालन | २ | २०,०००।- |
| | | बंगुर | १ | १०,०००।- |
| जम्मा | | | ५८ | ६,५४,६६४। |

## वैशाखमा सम्पन्न क्रियाकलापहरूको विवरण :

| क्रियाकलाप | | सहभागी संख्या | | |
|---|---|---|---|---|
| विवरण | संख्या | महिला | पुरुष | जम्मा |
| स्थानीय तहमा मानवअधिकारको अनुगमन | १७ | २९८ | ९२ | ३९० |
| जातीय विभेद र मानवअधिकार उल्लङ्घनविरुद्ध जनचेतना अभियान | २३ | ७७७ | १६८ | ९४५ |
| साप स्तरको अभिमुखीकरण (संस्थागत विकास) | १९२ | २०५७ | ९९ | २१५६ |
| अवलोकन भ्रमण समग्र स्वयंम्सेवक, साप | १ | २४ | १६ | ४० |
| समन्वय/सञ्जाल स्थापना/मागपत्र पेस/लबिङ भ्रमण | २ | ९ वटा संघसंस्था | | |
| नागरिक तथा राजनीतिक अधिकार पूर्तिका लागि जनचेतना अभियान | ६४ | ११५६ | २९ | ११८५ |
| सहभागितामूलक योजना निर्माण, स्रोत मापन तथा मुद्दाहरूको पहिचान, प्राथमिकीकरण | २६ | ४२४ | ४९८ | ९२२ |
| मानवअधिकारसँग सम्बन्धित विभिन्न दिवसहरू मनाउने (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय) | १ | ३५ | २१ | ५६ |
| अन्तरजातीय मिलान/द्वन्द्व व्यवस्थापन कार्य | ३५ | ४२२ | १२३ | ५४५ |
| शान्ति र सद्भावनासम्बन्धी कार्यक्रम | ८ | २५१ | २६४ | ५१५ |
| स्रोतसाधन र अधिकारमा दाबी | ३ | ३४ | २२ | ५६ |

## व हमर नेता जी !

**गत अंकको बाँकी** ........

'उनको काम गर्ने शैली असाध्यै राम्रो र प्रेरणादायी हुन्छ । उनी निवेदन दिएपछि घच्घच्याउन सम्बन्धित ठाउँमा गइरहन्छन् । चार/पाँच पटकमा स्वीकृत नभए कार्यालय प्रमुखलाई भेटेर भन्छन्, 'सर ! अब म अनशन बस्छु, गाउँलेहरू ल्याएर धर्ना दिन्छु, त्यसोभन्दा पनि काम भएन भने साँच्चै उनी त्यसै गर्छन् । तर, उनको नारा होस् वा अरू व्यवहार सभ्य र अरूले पनि सिक्ने खालको हुन्छ । सरकारी कर्मचारी पनि उनको लगनशील र सभ्य व्यवहार देखेर खुसी छन् । उनी कसैसँग नहाँसी बोल्दैनन्, विनम्रतापूर्वक काम गर्न आग्रह गर्छन् । अरू ठाउँका मानिसहरू बजेट परे पनि लिन आउने मान्छे नै हुँदैन तर अदिकलाल आफ्नो ठाउँमा नभएको योजनासमेत स्वीकृत गराउँछन् ।' चन्द्रेव थप्छन्, 'भर्खरै नयाँ पोखरी निर्माण गर्ने योजना स्वीकृत गराएर आए । जिल्लाको बजेट फ्रिज हुनुभन्दा त माग भएको ठाउँमा दिनु राम्रो भनेर जिल्लाका सरहरूले उनको माग स्वीकृत गर्छन् ।' आजकल गाउँमा सबैले 'व हमर नेता जी आगैल' भन्छन्, सबैले इज्जत गर्छन् । यो भेगका मानिसहरूले गाविसका अध्यक्षलाई भन्दा बढी सम्मान दिन्छन्, सबै ठाउँबाट निम्ता आउँछ, उनी गएरै भ्याउँदैनन् ।

उनीसँगै बसेका सीतापुरका एक भलाद्मीले उनीपट्टि हेरेर भने, 'य अदिक जी हामार नेता जी छे ।' यो भगका सबैले नेताजी भनेर सम्बोधन गर्ने र इज्जत गर्ने गरेको पाइन्छ । हुन पनि एउटा टुकी बल्यो भने कोठाभरिको अँध्यारो आफै भाग्दो रहेछ भन्ने चरितार्थ यहाँ झल्कन्छ । यो भेगभरि उज्यालो फैलियो, हामी पनि एक पटक आदिकलालजीलाई भेट्न जाने हो कि ?

सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र, हस्पिटल मार्ग, चाबहिल, पो.व. नं. - १३२७८, काठमाडौं,**

**फोन नं. ४४६९६४९, इमेल: info@samagra-nepal.org.np, वेभसाइट: www.samagra-nepal.org**